हरिनास गाउँपालिकाको २६ औं बैठक

मितिः- २०८१/१२/३ समयः-११:३० बजे, स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८१/१२/३ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसार गाउँकार्यपालिका सदस्यहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिलः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| ११ | श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शिव कुमार पौडेल | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री नोल वहादुर थापा | अधिकृत छैटौ /प्रशासन प्रमुख प्रमुख | |
| २ | श्री राजिव सुवर्णकार | शिक्षा अधिकृत सातौं /शिक्षा शाखा प्रमुख | |
| ३ | श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्यूको स्वकिय सचिव | |

हरिनास गाउँपालिका २६औं कार्यपालिका बैठक

**प्रस्तावहरु:**

देहायका प्रस्तावहरु कार्यपालिकामा छलफलका लागि प्रस्तुत गरियो।

**प्रस्ताव नं १:** विगतका बैठकको समिक्षा सम्बन्धमा।

**प्रस्ताव नं २:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सम्बन्धमा।

**प्रस्ताव नं ३:** सार्वजनिक सुनुवाई सम्बन्धमा।

**प्रस्ताव नं ४:** राष्ट्रपति रनिङशिल्डको खर्च सम्बन्धमा।

**प्रस्ताव नं ५:** भूमि समस्या सहजीकरण समिति गठन सम्बन्धमा।

**प्रस्ताव नं ६:** बाटोको लगत कट्टि सम्बन्धमा।

**प्रस्ताव नं ७:** राम्चे लिफ्टिङ खानेपानी तथा सरसफाई योजना दर्ता सम्बन्धमा।

**प्रस्ताव नं ८:** जिल्ला प्रशासन कार्यालयको विपद्का सामग्री खरिदका रकम माग सम्बन्धिंको पत्र सम्बन्धमा।

**प्रस्ताव नं ९:** करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा।

**प्रस्ताव नं १०:** आर्थिक सहायता सम्बन्धमा।

**प्रस्ताव नं ११:** विद्यालयहरु मर्ज गर्ने सम्बन्धमा।

**प्रस्ताव नं १२:** ५० % अनुदानमा हाते ट्र्याक्टर वितरण कार्यक्रम सम्बन्धमा।

हरिनास गाउँपालिका २६औं कार्यपालिका बैठक

निर्णयहरु:

उल्लेखित प्रस्तावहरु माथि छलफल गरि निम्न अनुसारका निर्णयहरु गरियो।

निर्णय नं १: विगतमा भएका कार्यपालिका बैठकहरुको समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वय गर्ने,

निर्णय नं २: अख्तियार अनुसन्धान आयोगको चलानी नं ४१६१३ मिति २०८१/११/२२ को जानकारी सम्बन्धको पत्र प्राप्त भयो। उक्त पत्रका सम्बन्धमा हरिनास गाउँपालिकाको च. नं. १२२० मिति २०८१/११/२८ मा माग भए अनुसारको जानकारी खुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गरिएकोले उक्त पत्रलाई गाउँकार्यपालिकाबाट अनुमोदन गर्ने,

निर्णय नं ३: सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० मा व्यवस्था भए बमोजिम हरिनास गाउँपालिकाको आ.व. २०८१/०८२ को प्रथम र दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम हरिनास गाउँपालिका वडा नं ६ को कार्यालय, दग्दीमा मिति २०८१ साल १२ महिना ०८ गतेका दिन सम्बन्धित विषयका विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनीधि तथा स्थानीय निकायका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गर्ने,

निर्णय नं ४: आर्थिक वर्ष २०८१/०८२ मा हरिनास गाउँपालिकाको १५ औं गाउँसभाबाट राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालनका लागि जम्मा रु. ७,००,०००/- (अक्षरुपी सात लाख रुपैंया मात्र) विनियोजन भएको र हरिनास गाउँपालिका भित्रका विद्यालयका प्रधानाध्यापकहरुको वैठकको निर्णय अनुसार राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता पितामबर मा.वि., हरिनास-६, दग्दिमा मिति २०८१ साल १० महिना ७ गते देखि १० गते सम्म सम्पन्न भएको थियो। उक्त कार्यक्रम सञ्चालनका क्रममा भएको जम्मा खर्च रकम रु. ९,४२,६९०/- (नौ लाख बयालिस हजार छ सय नब्बे रुपैंया मात्र) लाई अनुमोदन गर्ने र कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटले अपुग भएको रकम रु. २,४२,६९०/- (अक्षरुपी दुई लाख बयालिस हजार छ सय नब्बे रुपैंया मात्र) बजेट सि.नं. ७५, खर्च शिर्षक नं ३११५९ जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट थप गर्ने,

**निर्णय नं ५:** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ (१) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न निम्न अनुसारको स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समिति गठन गर्ने,

| | |
|---|---|
| संयोजक | - श्री खिम नारायण मानन्धर, गाउँपालिका अध्यक्ष |
| उपसंयोजक | - श्री इन्द्रा कुमारी थापा राना, गाउँपालिका उपाध्यक्ष |
| सदस्य | - श्री टोप बहादुर भुजेल, नेपाली कांग्रेसका प्रतिनिधि |
| सदस्य | - श्री मिलन राज श्रेष्ठ, नेकपा एमालेका प्रतिनिधि |
| सदस्य | - श्री नारायण सिंह थापा, नेकपा माओवादीका प्रतिनिधि |
| सदस्य | - श्री अमृत भुजेल, अल्पसंख्यक कार्यपालिका सदस्य |
| सदस्य | - श्री इन्द्र कुमारी थापा, महिला कार्यपालिका सदस्य |
| सदस्य सचिव | - श्री शिवकुमार पौडेल, प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं ६:** कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको च.नं. ४९५ मिति २०८१/११/२८ गतेको कित्तानापी नक्सामा सार्वजनिक बाटो लगतकट्टा सम्बन्धको पत्र प्राप्त भयो। सोही पत्र अनुसार कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यविधि २०७६ तेस्रो संशोधन, २०८१ अनुसार सम्झौताका लागि एक जना प्रतिनिधि पठाउने,

**निर्णय नं ७:** मिति २०७९/१२/१२ मा राम्चे खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरि पाउँ भनि विनियम सहित निवेदन दिएकोमा मिति २०७९/१२/१२ मा हक दावि विरोध सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा हक दावि सम्बन्धि कुनै पनि निवेदन पेश हुन नआएकोले उक्त समितिको विनियमलाई अनुमोदन गरी राम्चे खानेपानी तथा सरसफाई उपभोक्ता समिति लाई नियम अनुसार दर्ता गर्ने,

**निर्णय नं ८:** जिल्ला प्रशासन कार्यालय स्याङ्जाको च.नं. ३५२२ मिति २०८१/१०/२५ को पत्र मार्फत जिल्ला विपद् व्यवस्थापन समिति, स्याङ्जाको मिति २०८१/१०/२४

गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

गते बसेको बैठकको निर्णय प्राप्त भयो। उक्त बैठकको निर्णय नं ३ मा विपद्को समयमा उद्दार तथा खोज कार्यलाई प्रभावकारी तथा सहज बनाउन आवश्यक पर्ने सामग्री खरिद गर्न जिल्ला स्थित नगरपालिकाले जनही रु. ५,५०,०००/- (पाँच लाख पचास हजार रुपैंया मात्र) र गाउँपालिकाले जनही रु. ४,००,०००/- (चार लाख रुपैंया मात्र) पुतलीबजार नगरपालिकाको विविध खातामा रकम जम्मा गर्ने भन्ने निर्णय भएकोमा हरिनास गाउँपालिकाले जम्मा गर्नु पर्ने रकमको पालिकाले आर्थिक स्रोत सुनिश्चितता गर्न नसकिने हुँदा उक्त रकम जम्मा गर्न नसकिने व्यहोरा जानकारी गराउने,

<u>निर्णय नं ९:</u> गाउँपालिकाको कार्यालयमा बिभिन्न कारणले रिक्त रहेका देहाय बमोजिमका पद, तहमा आवश्यक कर्मचारी करारमा नियुक्ति गर्नका लागि विज्ञापन गर्ने,

| क्र.सं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | अधिकृत स्तर छैटौं | १ | स्वईच्छयाले राजिनामा दिएको |
| २ | असिस्टेन्ट सब-ईन्जिनियर | सहायक स्तर चौथो | १ | काज सरुवा भई रिक्त रहेको |
| ३ | कम्प्युटर अपरेटर | सहायक स्तर पाँचौं | १ | करारनामा भङ्ग गरिएको |
| ४ | हलुका सवारी चालक | तह विहिन | १ | करारनामा भङ्ग गरिएको |
| ५ | कार्यालय सहयोगी | तह विहिन | १ | स्वईच्छयाले राजिनामा दिएको |

<u>निर्णय नं १०:</u> यस गाउँपालिकाबाट प्रदान गरिएका देहाय बमोजिमका आर्थिक सहयोगलाई अनुमोदन गर्ने,

- ✓ समरङ्गी यूवा क्लब, हरिनास-२, खहरे -रु. ५०,०००/- (पचास हजार रुपैंया मात्र)
- ✓ हलेरी सहासी युवा क्लव हरिनास-२, टारा-रु. ५०,०००/- (पचास हजार रुपैंया मात्र)
- ✓ मनिष सार्की, हरिनास-४ -रु. १५,०००/- (पन्ध्र हजार रुपैंया मात्र)
- ✓ याम बहादुर थापा, हरिनास-५-रु. २५,०००/- (पच्चिस हजार रुपैंया मात्र)

**निर्णय नं ११:** हरिनास गाउँपालिका भित्र विद्यार्थी संख्या कम रहेका विद्यालयहरुको अनुगमन गर्ने र अनुगमन प्रतिवेदनका आधारमा आवश्यक रहेमा विद्यालयहरुको मर्ज गर्ने प्रकृया अगाडि बढाउने,

**निर्णय नं १२:** हरिनास गाउँपालिकाले ५० % अनुदानमा हाते ट्र्याक्टर वितरण कार्यक्रमका लागि रु २५ लाख रुपैंया मात्र विनियोजन भएकोमा E-Bidding प्रकृया मार्फत खरिद प्रकृया अगाडि बढाई रु ३३,६८,२८८/- मा जम्मा १०२ वटा हाते ट्रयाक्टर खरिद गरि वितरण गरि सकिएको छ। उक्त कार्यक्रम अन्तर्गत बिनियोजित बजेटमा रकम बाँकी रहेको र किसानहरुले थप हाते ट्रयाक्टरको माग गरेको हुँदा पुन ६० वटा पेट्रोल ईन्जिन ७ एच.पि. हाते ट्रयाक्टर वितरणका लागि खरिद गर्ने र उल्लेखित कार्यक्रमको बाँकी रहेको रकम अपुग भएमा अपुग भएको रकम बजेट सि.नं. ७५, खर्च शिर्षक नं ३११५९ जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकबाट थप गर्ने,

शिव नारायण मानन्धर
अध्यक्ष